**कार्यपालिका बैठक संख्या नं. ५९ स्थानः नगरपालिका भवन मिति २०८२/०९/२४ गते**

**समयः बिहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. संघीय सरकार समक्ष समपुरक तथा विशेष अनुदान कार्यक्रम पेश गर्ने सम्बन्धमा।
४. संघीय सरकारमा आयोजना माग गर्ने सम्बन्धमा।
५. स्थानीय स्तरमा एकीकृत सेवाप्रवाह स्थापना तथा सञ्चालन कार्यक्रममा प्रस्ताव पेश गर्ने सम्बन्धमा।
६. कर्णाली जनता आवास र विपन्न आवास कार्यक्रमको लागि छनौट भएका लाभग्राहीको नामावली अनुमोदन सम्बन्धमा।
७. यूनाइटेड सिटिज एण्ड लोकल गोभर्नमेण्ट एसिया प्यासिफिकको सदस्यतना प्राप्ती सम्बन्धमा।
८. सडक तथा यातायात गुरुयोजनाको प्रारम्भिक प्रस्तुती तथा सडक समन्वय समिति गठन सम्बन्धमा।
९. नदीजन्य पदार्थको उत्खनन् सम्बन्धी संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदनको ToR स्वीकृत सम्बन्धमा।
१०. बाख्रा श्रोत केन्द्रको सम्बन्धमा आर्थिक समितिमा भएको निर्णय अनुमोदन सम्बन्धमा।
११. सेजुवाल टाकुरा स्वास्थ्य चौकीको भवन निर्माणस्थल एकीन सम्बन्धमा।
१२. निकासी कर उठाउने सम्झौता अनुमोदन सम्बन्धमा।
१३. ब्लड बैंक स्थापनार्थ आर्थिक सहायता सम्बन्धमा।
१४. जोखिममा रहेका बालबालिकाको विवरण पठाउने सम्बन्धमा।
१५. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
१६. कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने सम्बन्धमा।
१७. भुक्तानी फरफारक सम्बन्धमा।
१८. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ५८औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) ट्यूसन कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमती तथा नियमन सम्बन्धी कार्यविधि, २०८२

कार्यपालिकाको अर्को बैठकमा पेश हुने गरी तपसीलमा उल्लेखित कानूनहरु राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता सञ्चालन कार्यविधि, २०८२

(२) एकल विन्दु सेवा केन्द्र स्थापना तथा कार्यान्वयनका सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

नेपाल सरकार, राष्ट्रिय योजना आयोगबाट आ. व. २०८२/८३ का लागि यही मिति २०८१ माघ १६ गते प्रकाशित सूचना बमोजिम संघीय समपुरक तथा विशेष कार्यक्रम तर्फ तपसीलका आयोजनाहरु माग गर्ने निर्णय गरियो। एवं आगामी आ. व. २०८३/८४ को समपुरक आयोजनामा समपुरक अनुदान सम्बन्धी कार्यविधि,२०८१ (संसोधन २०८२) को दफा ९(१) र अनुसूची ३ वर्गीकरण 'घ' बमोजिम ५० (पचास) % रकम नगरपालिकाको तर्फबाट सहलगानी गर्ने प्रतिवद्दता जनाउने निर्णय गरियो।

तपसीलः

(क) समपुरक तर्फ

| सि. न. | आयोजनाको नाम | नगरपालिकाको योगदान | संघीय सरकारको योगदान | आ व ०८३/८४ मा हुनु पर्ने विनियोजन | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामेखोला कजेरी ऱ्याले सडक निर्माण | रु. १ करोड ५० लाख | रु. १ करोड ५० लाख | ३ करोड | |
| २ | बराला देखि माल्नेटा जाने सडक कालोपत्रे | रु. १ करोड ५० लाख | रु. १ करोड ५० लाख | ३ करोड | |
| ३ | साहुटोल देखि साइलाकम्द जाने सडक कालोपत्रे | रु. १ करोड ५० लाख | रु. १ करोड ५० लाख | ३ करोड | |

(ख) विशेष तर्फ

१. पोषण तथा खाद्य सुधार कार्यक्रम - रु. ६० लाख

**निर्णय नं. ४**

आ. व. २०८३/८४ का लागि यस नगरपालिकाको विकास र समृद्धिमा टेवा पुग्ने तपसील बमोजिमका योजना तथा कार्यक्रम संघीय सशर्त अनुदान अनुरुप नगरपालिका वा संघीय कार्यालयहरुबाट कार्यान्वयन हुने गरी नेपाल सरकारसंग माग गर्ने निर्णय गरियो।

| सि. न. | योजना तथा कार्यक्रमको नाम | माग रकम रु. | ठेगाना | पेश गर्ने मन्त्रालय | कैफियत |
|---|---|---|---|---|---|

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सिमखर्क देखि सुनटाकुरा सम्म सडक निर्माण | १ करोड | शारदा नगरपालिका- ८ र ४ | शहरी विकास मन्त्रालय | |
| २ | वडा कार्यालयको भवन निर्माण | १ करोड | शारदा नगरपालिका-०२ | शहरी विकास मन्त्रालय | |
| ३ | वडा कार्यालय भवन निर्माण | ३० लाख | शारदा नगरपालिका-०६ | शहरी विकास मन्त्रालय | |
| ४ | अत्तरकाँडा पिपलबोट देखि काफलगैरी हुँदै मगाचौर जोड्ने मोटरबाटो निर्माण | ४० लाख | शारदा नगरपालिका-१३ | शहरी विकास मन्त्रालय | |
| ५ | कैंचीमोड देखि मोख्ला जोड्ने मोटरबाटो निर्माण | ४० लाख | शारदा नगरपालिका-१३ | शहरी विकास मन्त्रालय | |
| ६ | स्यालेघारी रेशमज्यूला फलेदाज्यूला सांघार सडक निर्माण | ५० लाख | शारदा नगरपालिका-१२ | शहरी विकास मन्त्रालय | |
| ७ | चिसापानी अग्रैटाकुरा मूलाखोला सडक स्तरोन्नती तथा निर्माण | ५० लाख | शारदा नगरपालिका-१२ | शहरी विकास मन्त्रालय | |
| ८ | मधाना लक्ष्मीपुर मोटरबाटो स्तरोन्नती | ८० लाख | शारदा नगरपालिका-१० | शहरी विकास मन्त्रालय | |
| ९ | साहुटोल देखि तिलचौर पार्क हुँदै बासखोला राप्ती राजमार्ग जोड्ने मोटरबाटो स्तरोन्नती | १ करोड | शारदा नगरपालिका-०३ | शहरी विकास मन्त्रालय | |
| १० | लेकबेशी ग्रामीण मोटरबाटो स्तरोन्नती तथा निर्माण | १ करोड | शारदा नगरपालिका-१२ | शहरी विकास मन्त्रालय | |
| ११ | साहुटोल लामाडाँडा हुँदै हिमदृश्य पार्क रानीकोट जोड्ने सडक | ५० लाख | शारदा नगरपालिका-४ | शहरी विकास मन्त्रालय | |
| १२ | भुवनेश्वरी माध्यमिक विद्यालय, सुनचौरको ५ कोठे भवन निर्माण | १ करोड | शारदा नगरपालिका-९ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १३ | जनकल्याण आधारभूत विद्यालयको अनाथ तथा अति विपन्न बालबालिकाको लागि आवासीय छात्रावास निर्माण | १ करोड | शारदा नगरपालिका-५, तल्लो मार्के | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १४ | स्यानीखाल स्वास्थ्य चौकी भवन निर्माण (बर्थिङ्ग सेन्टर सहित) | १ करोड | शारदा नगरपालिका-१३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | डाँडागाउँ स्वास्थ्य चौकी भवन निर्माण | १ करोड | शारदा नगरपालिका-१५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | |
| १६ | महेन्द्र रत्न मा वि हिवल्चा ४ कोठे भवन निर्माण | ६० लाख | शारदा नगरपालिका-११ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १७ | कालिका आधारभूत विद्यालयको भवन निर्माण | ५० लाख | शारदा नगरपालिका-१४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| १८ | मिलनचोक खेलमैदान निर्माण | ५० लाख | शारदा नगरपालिका-०७ | युवा तथा खेलकुल मन्त्रालय | |
| १९ | गुणस्तरीय तथा प्रविधिमैत्री सिकाईका लागि डिजिटल सिकाई सामग्री तथा तालिम | ५५ लाख | शारदा नगरपालिका | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | |
| २० | विद्यालय केन्द्रीत बाल विवाह विरूद्धको अभियान सञ्चालन | ३० लाख | शारदा नगरपालिका | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | |
| २१ | अनाथ बालबालिकाका लागि आवास निर्माण | १ करोड | शारदा नगरपालिका-५ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | |
| २२ | कजेरी खानेपानी आयोजना | २ करोड | शारदा नगरपालिका-७ | खानेपानी मन्त्रालय | |
| २३ | काउलेखोला देखि अमिलाबोट हुँदै जोगीचौर सिंचाई कुलो निर्माण | ५० लाख | शारदा नगरपालिका-१३ | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | |
| २४ | पुल्याबोट खारखोला तटबन्धन | ५० लाख | शारदा नगरपालिका-१३ | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | |
| २५ | प्राङ्गारिक कृषि विकास कार्यक्रम | ३० लाख | शारदा नगरपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २६ | अदुवा बेसार प्रवर्द्धन कार्यक्रम | २० लाख | शारदा नगरपालिका-१४ र १५ | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २७ | उन्नत घाँसको नर्सरी स्थापना | ३० लाख | शारदा नगरपालिका | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |
| २८ | भैंसी पकेट | ५० लाख | शारदा नगरपालिका-१ र ६ | कृषि तथा पशुपंछी विकास मन्त्रालय | |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | सिद्ध बाबा मधाना डाँडामा प्राकृतिक पार्क निर्माण | ५० लाख | शारदा नगरपालिका-१० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| ३० | शिमेभूमे प्राकृतिक पार्क तथा मन्दिर निर्माण | ५० लाख | शारदा नगरपालिका-१३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| ३१ | वुद्धपार्क घेरावार तथा सिढी निर्माण | ३० लाख | शारदा नगरपालिका-२ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | |
| ३२ | आरन सुधार कार्यक्रम | ३० लाख | शारदा नगरपालिका-२ र ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | |

**निर्णय नं. ५**

कर्णाली प्रदेश सरकार, कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको मिति २०८२/०९/१७ गते प्रकाशित सूचना अनुसार स्थानीय स्तरमा एकीकृत सेवा प्रवाह (One Stop Service Delivery-OSSD) स्थापना तथा सञ्चालन (अफिस अटोमेशन सहित) गर्ने कार्यक्रममा यस नगरपालिकाको साझेदारी गर्न तपसीलको प्रतिवद्धता सहित प्रस्ताव पेश गर्ने र सो कार्यक्रमका लागि प्रशासन, योजना तथा अनुगमन शाखाका प्रमुख शाखा अधिकृत श्री रविन्द्र कुमार वुढालाई सम्पर्क व्यक्तिका रुपमा जिम्मेवारी दिने निर्णय गरियो।

तपसीलः

१. लागत सहभागिता सम्बन्धमा OSSD स्थापना तथा सञ्चालनका लागि आवश्यक लागत सहभागिता, पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा सञ्चालनसम्बन्धी कार्यहरू कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानसँग समन्वय र साझेदारीमा कार्यान्वयन गर्न तथा पालिकाको तर्फबाट गर्नुपर्ने दायित्वहरू पूरा गर्न प्रतिवद्ध रहको।

२. नीति तथा कार्यविधि निर्माण सम्बन्धमा एकीकृत सेवा प्रवाह केन्द्र स्थापना तथा कार्यान्वयनका लागि आवश्यक नीति, कार्यविधि तथा मापदण्डहरू निर्धारित समयभित्र निर्माण गरी कार्यान्वयन गर्न प्रतिवद्ध रहको।

३. मर्मत सम्भार खर्च व्यवस्थापन सम्बन्धमा एकीकृत सेवा प्रवाह केन्द्रको नियमित सञ्चालन र दीगोपन सुनिश्चित गर्न भौतिक संरचना, सूचना प्रविधि प्रणाली, उपकरण तथा सफ्टवेयरको मर्मत–सम्भारका लागि आगामी आर्थिक वर्षदेखि "मर्मत सम्भार" शीर्षकमा आवश्यक बजेट व्यवस्था गर्दै लैजान प्रतिवद्ध रहेको।

**निर्णय नं ६**

पूर्वाधार विकास कार्यालय, सल्यानको मिति २०८२।०८।१६ च न १५९ को पत्र बमोजिम यस नगरपालिका क्षेत्रभित्र कमशः ६, ७, १४ र १५ नम्बर वडाहरु प्रदेश निर्वाचन क्षेत्र नम्बर १ मा पर्ने र बाँकी वडाहरु क्रमशः १,२,३,४,५,८,९,१०,११,१२ र १३ नम्बर वडाहरु प्रदेश निर्वाचन क्षेत्र नम्बर २ मा पर्ने भएकोले **कर्णाली प्रदेश जनता आवाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५** को दफा ३ बमोजिम लक्षित वर्गको पहिचान गरी सोही कार्यविधिको दफा ४(१) अनुसार अनुसूची-१ र **कर्णाली प्रदेश विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८** को दफा ५ बमोजिम लक्षित व्यक्ति वा परिवारको पहिचान गरी सोही कार्यविधिको दफा ६(१) अनुसार अनुसूची-२ बमोजिम अंक प्रदान गरी विपन्नको घर निर्माण कार्यक्रमका लागि तपशिल बमोजिमका निर्वाचन क्षेत्रहरुमा निम्नानुसारका व्यक्तिहरु छनौट गरी पठाइएको विषय अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

प्रदेश निर्वाचन क्षेत्र नम्बर १ वडा नम्बरः ६,७,१४ र १५

| सि नं. | नाम थर | ना.प्र.नम्बर | वडा नं | सम्पर्क मोबाईल नम्बर | जनता आवास कार्यक्रम (दलित) | विपन्नको घर निर्माण कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विमला बादी | ५५-०१-०७००३९१९ | ६ | ९८५७८४४७१० | जनता आवास कार्यक्रम (दलित) | — × — | |
| २ | सुकलाल सुनार | १/७/३०८१७ | १४ | ९७०४२२६५५९ | जनता आवास कार्यक्रम(दलित) | — × — | |
| ३ | कली थापा | ५५०११३/१८६४६ | ७ | ९७६४८४६१४७ | × | विपन्न आवास कार्यक्रम | |

प्रदेश निर्वाचन क्षेत्र नम्बर वडा नम्बर-१, २, ३, ४, ५, ८, ९, १०, ११, १२ र १३

| सि नं. | नाम थर | ना.प्र.नम्बर | वडा नम्बर | सम्पर्क मोबाईल नम्बर | जनता आवास कार्यक्रम (दलित) | विपन्नको घर निर्माण कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जोगेन्द्र सार्की | ३२४२/२७७ | ४ | ९८०९५३०७६० | जनता आवास कार्यक्रम (दलित) | — × — | |
| २ | लिलादेवी नेपाली | १०२१/२४२ | ८ | ९८५७८४३८१३ | जनता आवास कार्यक्रम (दलित) | — × — | |
| ३ | हुर्मत कुमार शाही | ३९४ | १ | ९८४७९०१५४७ | — × — | विपन्न आवास कार्यक्रम | |
| ४ | पुष्पा कुमाई | ५५-०१-७६-०३८१० | ५ | ९८४४०८२५२३ | — × — | विपन्न आवास कार्यक्रम | |

**निर्णय नं. ७**

UNITED CITIES AND LOCAL GOVERNMENTS ASIA PACIFIC मूख्य कार्यालय Jakarta बाट 14 November, 2025 मा यस नगरका नगर प्रमुख श्री प्रकाश भण्डारीलाई सम्बोधन गरी UCLG ASPAC को Full-Membership सदस्यता प्राप्तीका लागि अनुरोध गर्ने निर्णय गरियो। र सो सदस्यता प्राप्त गर्न यस आ. व. २०८२/८३ मा विनियोजन गरिएको शीर्षकबाट सदस्यता शुल्क दिने निर्णय गरियो।

**निर्णय नं. ८**

यस नगर कार्यपालिकाको मिति २०८२ श्रावण ३० गते बसेको ५३औं बैठकले अख्तियारी दिएको सैद्धान्तिक सहमति अनुसार तयार गर्न लागिएको शारदा नगरपालिकाको सडक तथा यातायात गुरुयोजनाको परामर्शदाता कम्पनी श्री **Platform Engineering Consultancy Pvt. Ltd.** काठमाण्डौले पेश गरेको प्रारम्भिक प्रतिवेदन स्वीकृत गर्ने तथा तपसील बमोजिमको सडक समन्वय समिति गठन निर्णय गरियो।

**तपसीलः**

१. नगर प्रमुख श्री प्रकाश भण्डारी -संयोजक
२. उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार -सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा -सदस्य
४. सम्पूर्ण वडा अध्यक्षहरु -सदस्य

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

५. कार्यपालिका सदस्य श्री प्राण कुमार राई -सदस्य

६. कार्यपालिका सदस्य श्री पुष्पा नेपाली -सदस्य

७. योजना इकाई प्रमुख श्री केशव बहादुर बुढाथोकी -सदस्य

८. पूर्वाधार विकास शाखा प्रमुख ई. श्री खगेन्द्र मल्ल –सदस्य-सचिव

**निर्णय नं. ९**

यस नगर कार्यपालिकाको मिति २०८२ कार्तिक १९ गते बसेको ५६ औं बैठकले अख्तियारी दिएको सैद्धान्तिक सहमति अनुसार तयार गर्न लागिएको शारदा नगरपालिकाको सीमा क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट उत्खनन् हुने नदीजन्य पदार्थको भण्डारण एवं बिक्री वितरणका लागि आवश्यक संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन **(IEE)** को परामर्शदाता कम्पनी श्री **GS Engineering Solution Pvt. Ltd.** काठमाण्डौले पेश गरेको **ToR** स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

बाख्रा श्रोत केन्द्रका सन्दर्भमा आर्थिक विकास समितिको मिति २०८२ पौष २४ मा बसेको बैठकले दलित महिला दिदी बहिनी सहकारी संस्था, शारदा-६, सल्यान को एक मात्र फर्मको प्रस्तावना स्वीकृत गर्न गरेको निर्णय अनुमोदन गरियो।

**निर्णय नं. ११**

शारदा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिको नाममा दर्ता श्रेस्ता कायम भएको साविकको खलंगा गाउँ विकास समिति वार्ड नं. ६ हाल शारदा नगरपालिका वार्ड नं. ४ मा रहेको कि. नं. ११०३ क्षेत्रफल १२०८.५० वर्गमीटर जग्गामा सेजवाल टाकुरा स्वास्थ्य चौकी भवन निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट रकम विनियोजन भई सामाजिक विकास कार्यालय, सल्यानबाट भवन निर्माणका लागि बोलपत्र आव्हान भई सके पश्चात निर्माणस्थलका सम्बन्धमा ४ नं. वडा कार्यालय र सामाजिक विकास कार्यालयमा विभिन्न निवेदन परी स्थान एकीनका लागि दुवै कार्यालयबाट सोधनी भई आएकोले नगरपालिकाको नाममा रहेको सो जमिनलाई आधार मानी नगरपालिकाबाट लागत अनुमान, ड्रइङ्ग डिजाइन निर्माण तथा एकै संस्थाको नाममा विनियोजन भएको दुई बजेटलाई एकीकृत गराई काम अगाडि बढाउन गरिएको अनुरोध र ठेक्का प्रक्रिया बढिसकेको अवस्था समेतलाई मध्यनजर गर्दै हालको स्थानमा नै भवन निर्माण कार्य अगाडि बढाउन सामाजिक विकास कार्यालय, सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

शारदा नगरपालिका सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १३८ बमोजिम आव्हान गरिएको निकासी कर सम्बन्धी प्रस्ताव प्राप्त गर्ने श्री आत्मनिर्भर नेपाल ट्रेडर्स एण्ड सप्लायर्स, घोरही उपमहानगरपालिका-१६, दाङ्गसंग सोही नियमको उपनियम १ बमोजिम ३ वर्षका लागि आय ठेक्का संझौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. १३**

जिल्ला समन्वय समिति सल्यानको सहजीकरण तथा समन्वयमा सल्यान जिल्ला अस्पतालमा सुचारु गरिएको रक्तसञ्चार केन्द्र (ब्लड बैंक) सञ्चालनार्थ रु ५० हजार नेपाल रेडक्रस सोसाइटी सल्यान शाखाको खातामा यस आ. व. को वार्षिक विकास कार्यक्रम पुस्तिकाको सि. न. २१२ को सामाजिक सुरक्षा (आर्थिक सहायता) विपन्न नागरिक स्वास्थ्य उपचार शीर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

**निर्णय नं. १४**

सामाजिक विकास कार्यालय, सल्यानको च. न. १६३ मिति २०८२/०९/०७ को पत्रानुसार यस नगरपालिका भित्र जोखिममा रहेका तपसीलका बालबालिकाहरुको विवरण सामाजिक विकास कार्यालयमा पठाउने निर्णय गरियो ।

जोखिममा रहेका बालबालिकाहरुको विवरणः२०८२/८३

| क्र.सं. | जोखिममा रहेका बालबालिकाहरु को नाम | ठेगाना | जन्ममिति/उमेर | बाबुको नाम | आमाको नाम | जोखिमको अवस्थाको प्रकार | बाबु/आमा वा संरक्षकको सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | लाल बहादुर यरी | शा.न.पा.-२ | - | छविलाल यरी | | बुवा अपाङ्गता आमा नभएको | | |
| २. | प्रमिला रेउले | शा.न.पा.-४ | ९ वर्ष | रिम बहादुर रेउले | निमा रेउले | बुवा मानसिक सन्तुलन विग्रिएको आमाको दोस्रो विवाह | | |
| ३. | दुर्गा बस्नेत | शा.न.पा.-४ | १३ वर्ष | रिम बहादुर बस्नेत | हिमा बस्नेत | बुवा मानसिक सन्तुलन विग्रिएको आमाको दोस्रो विवाह | | |
| ४. | सपना सुनार | शा.न.पा.-७ | | | | आमा नभएको | | |
| ५. | जिवा वि.क. | शा.न.पा.-८ | २०७२/०४/०१ | | | | | |
| ६. | राधिका यरी | शा.न.पा.-८ | - | | | बुवाको मृत्यु आमाको अन्यत्र विवाह | - | |
| ७. | अस्मिता कवर | शा.न.पा.-९ | | पुस्कर कवर | रिमा कवर | बुवा आमाको मृत्यु भएको | | ठुलो बुवासंग बस्ने गरेको |
| ८. | चेतन कवर | शा.न.पा.-१० | २०७०/०५/१५ | बावुराम कवर | सितली कवर | बुवाको मृत्यु भएको | | हजुरबुवाको संरक्षकमा रहेको |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | जनक नेपाली | शा.न.पा.-१३ | १३ वर्ष | लाल बहादुर सार्की | धनमाया सार्की | बुवाको मृत्यु अमा बेपत्ता | - | हजुरबुवाको संरक्षणमा रहेको |
| १०. | विनिता नेपाली | शा.न.पा.-१३ | १६ वर्ष | मान सिंह सार्की | निरुता सार्की | बुवा आमा बेपत्ता | - | हजुरबुवाको संरक्षणमा रहेको |

**निर्णय नं. १५**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८२ पौष २३ गतेसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १६**

तत्कालीन सेजवाल टाकुरा गाउँ विकास समितिको पदपूर्ति समितिको मिति २०५९/०२/२९ गतेको निर्णयानुसार सहायकस्तर पहिलो श्रेणी (पियन) पदमा स्थायी नियुक्ति भएको र यस नगरपालिकाको स्थापना पश्चात विभिन्न मितिमा सहायकस्तर दोस्रो, तेस्रो र चौथो तह कार्यालय सहयोगी पदमा स्तरवृद्धि भई मिति २०७५/०९/०४ मा यस नगरपालिकामा सहायकस्तर चौथो तह कार्यालय सहयोगी पदमा समायोजन तथा पदस्थापना भई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २६ को उपदफा ५(घ) बमोजिम मिति २०८१/०९/०६ को निर्णयानुसार मिति २०८१/१०/०१ देखि लागु हुने गरी श्रेणीविहिन चुतुर्थस्तरबाट श्रेणीविहिन पाँचौस्तरमा स्तरवृद्धि भएका श्री लोग बहादुर बस्नेतको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६१ बमोजिम उमेर हदका कारण मिति २०८२/०८/१६ गते देखि अनिवार्य अवकास भएकोले स्थानीय तहमा कार्यरत कर्मचारीहरुले अवकाश पश्चात पाउने सेवा सुविधा सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६६ मा उल्लेख भए अनुसार उपचार खर्च र नियम २६८ (ङ) मा उल्लेख भए अनुसारको उपदान खर्च र यस शारदा नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि,२०८१ को दफा २१ को उपदफा २(ख), दफा २२ र दफा २३ मा उल्लेख भए बमोजिम उपदान रकम, उपचार खर्च रकम र संचित विदा बापतको रकम आकर्षित हुने देखिएकोले तपसील बमोजिम सेवा सुविधा बापतको रकममा प्रचलित कानून अनुसार कर कट्टी गरी भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | विवरण | सेवा अवधि/संचित विदा दिन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपचार खर्च बापतको रकम | १८ महिना बराबरको रकम | ५,९१,४०८/- | २०५९/०२/२९ देखि २०७५ पौष सम्मको कटौती र २०७५ साल माघ देखि २०८२ मंसीर सम्मको तलबमानमा १०% कटौती |
| २ | उपदान बापतको रकम | ४६ महिना बराबरको रकम | १५,११,३७६/- | |
| ३ | संचित घर विदा बापतको रकम | १८० दिन | १,९७,२८०/- | |
| ४ | संचित विरामी विदा बापतको रकम | २८१ दिन | ३,०७,९७६/- | |
| ५ | जम्मा रकम | | २६,०८,०४०/- | |
| ६ | खाइपाइ आएको तबलमा १०% कटौति हुने रकम | | ४,३५,२१७/- | |
| ७ | करकट्टी रकम | | ५४,३१२/- | |
| खुद पाउने रकम | | | २१,१८,५०२/- | |

**निर्णय नं. १७**

यस आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. १४,५७,८३,१६३।५९ (२७.५८ प्रतिशत) पूँजीगत तर्फ रु. ७१,७१,१५२।०० (५.५६ प्रतिशत) र समग्रमा १५,२९,५४,३१५५९. (२३.२६ प्रतिशत) रहेको छ ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

**निर्णय नं. १८**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) करिब ३८ वर्षदेखि वातावरण संरक्षणको क्षेत्रमा काम गर्दै आएको संस्था वातावरण संरक्षण शिविर (एक्का नेपाल) ले यस नगरभित्र बसोबास गर्ने ३२८० घरधुरीलाई सुधारिएको धुवा रहित चुलो वितरण कार्य सम्पन्न गरेकोमा वितरणकर्तालाई धन्यवाद दिने र बाँकी चुलो यथाशीघ्र वितरणका लागि अनुरोध गर्ने ।

(ख) समता फाउण्डेशनको मिति २०८२/०९/१७ गतेको पत्रानुसार सो संस्थाले यस नगरपालिकाको समुदायमा आधारित महिनावारी सेवा केन्द्रको स्थापना र बालविवाह अन्त्यका लागि रणनैतिक योजनाको व्यवस्था गर्न अनुरोध भई आएकोले आवश्यक सहजीकरण गर्ने ।

(ग) शारदान नगरपालिकाका नागरिकको घरायसी काम र विकास निर्माण कार्यका लागि नदीजन्य पदार्थ प्रयोग गर्न दिने कार्यपालिकाको यस अघिको निर्णय अनुसार वडा कार्यालयमा आई रसिद नकाटी नदीजन्य पदार्थको चोरी निकासी कार्य बढिरहेको अवस्था सम्बन्धित वडाध्यक्षले प्रत्यक्ष निगरानी गर्ने गरी नगरपालिकाको राजश्व रसीद प्रयोग गरी राजश्व संकलन गर्ने व्यक्तिलाई संकलित राजश्वको २० प्रतिशत कमिशन दिने गरि व्यवस्थापन गर्ने ।

(घ) शारदा नगरपालिका वार्ड नं ६ का विभिन्न बाटो मर्मत तथा निर्माण, वार्ड नं ९ को जनजागृति आधारभूत विद्यालयको फिल्ड तथा बाटो निर्माण, वार्ड नकं १२ को कागखोला देखि चिउरी खोला सडक मर्मत र वार्ड नं ७ को रामेखोला कजेरी बाटो निर्माण गर्दा आवश्यक पर्ने वैकल्पिक सडक निर्माणमा नगरपालिकाको जेसिवि तथा स्काभेटर प्रयोग गर्ने र सो मा खपत हुने इन्धन नगरपालिकाले व्यवस्था गर्ने ।

(ङ) शारदा नगरपालिकाको बस्ती विकास योजना **(Land Pulling Plan)** को सम्भावना र महत्वका बारे बैठकलाई जानकारी गराइयो ।

(च) शारदा नगरपालिका वार्ड नं ३ वडाखोला निवासी ईन्द्रा कुमारी बुढाथोकीले आफ्ना पति पूर्ण बहादुर बुढाथोकीको अल्पायुमा निधन भई परिवारमा परेको दुःख र परिवारको आर्थिक अवस्था नाजुक रहेको भनी निवेदन दिनु भएकोले निजलाई नगरपालिको तर्फबाट रु ५ हजार आर्थिक सहयोग गर्ने ।

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ११**

शारदा नगर कार्यपालिकाको निर्णय बमोजिम यस नगरपालिको नाममा दर्ता श्रेस्ता कायम भएको साविकको खलंगा गाउँ विकास समिति वार्ड नं. ६ हाल शारदा नगरपालिका वार्ड नं. ४ मा रहेको कि. नं. ११०३ क्षेत्रफल १२०८.५० वर्गमीटर जग्गामा सेजवाल टाकुरा स्वास्थ्य चौकी भवन निर्माणका लागि कर्णाली प्रदेश सरकारबाट रकम विनियोजन भई सामाजिक विकास कार्यालय, सल्यानबाट भवन निर्माणका लागि बोलपत्र आव्हान भई सके पश्चात निर्माणस्थलका सम्बन्धमा ४ नं. वडा कार्यालय र सामाजिक विकास कार्यालयमा विभिन्न निवेदन परी स्थान एकीनका लागि दुवै कार्यालयबाट सोधनी भई आएकोले नगरपालिकाको नाममा रहेको सो जमिनलाई आधार मानी नगरपालिकाबाट लागत अनुमान, ड्रइङ्ग डिजाइन निर्माण तथा एकै संस्थाको नाममा विनियोजन भएको दुई बजेटलाई एकीकृत गराई काम अगाडि बढाउन गरिएको अनुरोध र ठेक्का प्रक्रिया बढिसकेको अवस्था समेतलाई मध्यनजर गर्दै हालको स्थानमा नै भवन निर्माण कार्य अगाडि बढाउन सामाजिक विकास कार्यालय, सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ पौष २४ गते**